म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- १५४ २०८१ वैशाख १३ गते बिहीबार 25 April 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## बागमती प्रदेशमा तामाङ र नेपाल भाषा कामकाजी भाषा



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशमा आगामी बैशाख २४ गतेबाट तामाङ र नेपाल भाषालाई सरकारी कामकाजीको भाषाको रुपमा कार्यान्वयन गरिने भएको छ। बुधबार बसेको बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो। विभिन्न जातीय संगठनहरुले कामकाजी भाषाको रुपमा नेपाल भाषा र तामाङ भाषालाई प्रयोगमा ल्याउन माग गर्दै आएका थिए।

बैठकको निर्णय सार्वजनिक गर्नुहुँदै प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बैशाख २४ गते प्रदेशमा तामाङ र नेपाल भाषालाई कामकाजी भाषाको रुपमा घोषणा गरिने बताउनुभयो । प्रधानमन्त्री पुष्पकमल दाहालले काठमाडौंको बसन्तपुरमा आयोजना हुने सार्वजनिक कार्यक्रममा तामाङ र नेपाल भाषालाई बागमती प्रदेशको कामकाजी भाषाको रुपमा शुभारम्भ गर्नुहुनेछ। प्रदेश कामकाजी भाषाको शुभारम्भ गरिने दिन बागमती प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको छ।

बागमती प्रदेशमा तामाङ र नेपाल भाषालाई कामकाजी भाषा शुभारम्भ गर्न संस्कृति तथा पर्यटन मन्त्रालयबाट प्रस्ताव आएकोमा मन्त्रिपरिषद्को बैठकबाट पारित भएको हो। बैशाख २४ गतेबाट लागू हुने गरी सरकारी कार्यालयहरुमा नेपाली, तामाङ र नेपाल गरी तीन भाषामा साइनबोर्ड र लेटरप्याडमा लेख्ने उहाँले बताउनुभयो।

यस्तै, मन्त्रिपरिषद्को बैठकले बागमती प्रदेशसभाको अधिवेशन बुधबार रातिबाट अन्त्य गर्नका लागि प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको छ। जिल्ला अदालत मकवानपुरको भवन उद्घाटन गर्दा लागेको ५ लाख रुपैयाँ खर्च आन्तरिक तथा कानुन मन्त्रालयबाट भुक्तानी दिने निर्णयसमेत बैठकले गरेको छ। गत फागुन १४ गते प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले एक कार्यक्रमबीच भवनको उद्घाटन गर्नुभएको थियो।

मन्त्रिपरिषद् बैठकले स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत र प्रदेशस्तरीय सरकारी पदाधिकारी तथा कर्मचारीको कार्यकक्षको स्तरीकरणसम्बन्धी मापदण्ड २०८० स्वीकृत गरेको छ । यस्तै, वन क्षेत्रको भोगाधिकार तथा रुख कटान सम्बन्धमा जग्गा भोगाधिकारमात्र लिएर राख्ने निर्णय भएको छ । मुख्यमन्त्रीको निवास नजिकैको ६ वटा काँचा रुखहरु कटान गर्नका उक्त निर्णय भएको हो ।

यस्तै, बैठकले लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी नीति २०८१ स्वीकृत गरेको छ । आर्थिक वर्ष २०७८/७९ को बाँकी भुक्तानी रकम निकासाका लागि सामाजिक विकास मन्त्रालयबाट आएको फाइल बैठकले स्वीकृत गरेको छ । बागमती प्रदेशमा सरकारी तथा सामुदायिक कुनै पनि किसिमको भौतिक पूर्वाधार निर्माण गर्दा स्वदेशमै उत्पादन भएका काठ अनिवार्यरुपमा प्रयोग गर्नुपर्ने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद् बैठकले प्रदेश श्रम सल्लाहकार परिषद् गठन, सशस्त्र प्रहरी बल ३ नम्बर बाहिनीद्वारा गोताखोर तालिम सञ्चालनका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयसमक्ष प्रस्ताव गरेको ३० लाख रुपैयाँ दिने प्रस्ताव पारित गरेको छ । यस्तै, आन्तरिक तथा कानुन मन्त्रालयअन्तर्गत् नै विपद् व्यवस्थापन स्वयम्सेवक समूह निर्माण तथा परिचालन सम्बन्धमा आएको प्रस्ताव पारित र सामाजिक विकास मन्त्रालयअन्तर्गत् प्रदेश शिक्षा नियमावली २०७९ को पहिलो संशोधन पनि बैठकले पारित गरेको छ ।

## संस्कृत वेद विद्यालयमा पठनपाठन सुरु

# विद्यार्थी उल्लेख्य बढ्यो



*संस्कृत वेद विद्यालयका विद्यार्थी पाठ्यपुस्तक पाएपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, गोरक्षेश्वर धामस्थित संस्कृत वेद विद्यालयमा बुधबार देखि पठनपाठन सुरु भएको छ। बुधबार पाठ्यपुस्तक वितरण गरेर पठनपाठन सुरु गरिएको प्रधानाध्यापक गोपालप्रसाद अधिकारीले जानकारी दिनुभएको छ। यो वर्ष विद्यालयमा विद्यार्थी संख्या पनि उल्लेख्य वृद्धि भएको छ ।

शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा २१ जना सहभागी भएका थिए । एक जना ८ कक्षा उत्तीर्ण गरी विदाई भएका छन् भने १२ जना नयाँ विद्यार्थी भर्ना भएका छन् । ५ कक्षादेखि ८ कक्षासम्म पठनपाठन हुने संस्कृत वेद विद्यालयमा विद्यार्थीले कुनै किसिमको शूल्क तिर्नुपर्दैन भने खाना र आवास समेत निशूल्क उपलब्ध छ । विद्यालयले ४० जना विद्यार्थीलाई आवासीय सुविधा समेत प्रदान गर्न सक्ने क्षमता छ। गत शनिबार विद्यालयले नयाँ भर्ना हुन चाहने विद्यार्थीका लागि प्रवेश परीक्षा समेत लिएको थियो। प्रवेश परीक्षामा ८ जना सहभागी थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले विद्यालयमा सुधारपछि विद्यार्थी र अभिभावकको ध्यानाकर्षण भएको र विद्यार्थी भर्ना हुने क्रम पनि बढेको जानकारी दिनुभयो । शैक्षिक सत्र २०८१ मा विद्यार्थीको संख्या ४० पुऱ्याउने लक्ष्य रहेको अध्यक्ष थापाको भनाइ छ। बुधबारसम्म ३२ जना विद्यार्थी रहेकोले ४० जना विद्यार्थी सजिलै पुऱ्याउन सकिने अध्यक्ष थापा बताउनुहुन्छ। जिल्लाकै एक मात्र संस्कृत विद्यालय भएकोले सबैको साथ र सहयोगमा अझ राम्रो गर्दै जाने योजना रहेको थापाले सुनाउनुभयो ।

पछिल्लो समय विद्यालयलाई सहयोग प्राप्त हुने क्रम पनि बढेको छ । जन्मदिन, पीतृको स्मृति दिवसमा हेटौंडा बजार र आसपासका व्यक्तिले नगद तथा खाद्यान्न सहयोग गर्दै आएका छन्। हेटौंडा उपमहानगरपालिकाले अक्षयकोषका लागि पाँच लाख रुपैयाँ उपलब्ध गराउने प्रतिवद्धता व्यक्त भएको जानकारी गराउनुहुँदै अध्यक्ष थापाले भन्नुभयो, "हामीले पनि अक्षयकोषमा एक लाख भन्दा बढी सहयोग संकलन गरिसकेका छौं।" संस्कृत वेद विद्यालयमा मकवानपुरसहित सर्लाही, बारा, पर्सा, चितवन, कास्की जिल्लाका विद्यार्थी अध्ययनरत छन्।

# अपाङ्गता भएकाको सुविधाका लागि पहल गर्नेछुः स्वास्थ्यमन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सुविधाका लागि मन्त्रालयले आवश्यक पहल गर्ने बताउनुभएको छ। आँखा नदेख्ने, हिँड्न नसक्नेजस्ता अपाङ्गता भएका व्यक्तिहरुको उपचारका लागि सहयोग गर्ने उहाँले बताउनुभएको हो ।

बुधबार राष्ट्रिय अपाङ्ग महासंघको आयोजनामा सामाजिक विकास मन्त्रालयको सभाहलमा भएको छलफल तथा बधाई कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सामग्रीहरु उपलब्ध गराउन सक्दो पहल गर्ने बताउनुभयो । अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्न आफू संधै तत्पर रहने उहाँको भनाइ छ ।

अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क उपलब्ध गराउन महासंघलाई मन्त्री श्रेष्ठले अनुरोध गर्नुभयो । मन्त्री श्रेष्ठले भन्नुभयो- 'अपाङ्गता भएका व्यक्तिको विवरण मन्त्रालयमा जति छिटो उपलब्ध हुन्छ, त्यति नै छिटो अपाङ्गता भएका व्यक्तिका लागि बजेट बाँडफाँड गर्न सहज हुनेछ ।'

मन्त्रालयको पनि आफ्नै सिमितता हुने भएकाले आफूले चाहेजस्तो काम गर्न नसकेको उहाँको भनाइ छ । अपाङ्गता भएकाहरुले प्राप्त गर्ने परिचयपत्र देशैभरि एउटै प्रकृतिको भएको र नीति नियम केन्द्रीय सरकारले बनाउने भएकाले बागमती प्रदेश सरकारले छुट्टै नीति अवलम्बन गर्न नमिल्ने मन्त्री श्रेष्ठले जानकारी गराउनुभयो। अपाङ्गता भएका व्यक्तिका लागि चालु आर्थिक वर्षमा लगभग २ करोड खर्च भइसकेको मन्त्री श्रेष्ठले बताउनुभयो ।

सुविधा आवश्यक पर्ने व्यक्तिले पाउनुपर्ने र यस्ता कार्यमा जिम्मेवार संघसंस्था पनि जवाफदेही हुनुपर्ने मन्त्री श्रेष्ठले बताउनुभयो। पहिलो पटक मन्त्री बन्दा नै स्वयम्सेविकाहरुलाई निगरानी गर्न निर्देशन दिएको मन्त्री श्रेष्ठले बताउनुभयो । पछिल्लो समय बागमती प्रदेशमा ७ हजार घरपरिवारले स्वास्थ्य बिमाको सुविधा लिइरहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो ।

छलफल कार्यक्रममा पीएसओ नेपालका डम्बर बोहरा, नेत्रहीन महासंघ मकवानपुरका अध्यक्ष केदारबहादुर बजगाईं, राष्ट्रिय अपाङ्ग महिला सेवाका प्रमुख सुप्रभा अपलीलगायतको सहभागिता रहेको थियो ।

## २०७२ सालको भूकम्पको वार्षिकी

# हेटौँडाका दुई स्थानमा स्मृति सभा



*हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा मुकुन्ददास श्रेष्ठको स्मृति सभा ।*

समाज संवाददाता

हेटौँडाः २०७२ साल बैशाख १२ गतेको भूकम्पले पुऱ्याएको क्षतिलाई स्मरण गर्दै भूकम्पमा ज्यान गुमाएकाको स्मृतिमा बुधबार हेटौँडाका दुई स्थानमा स्मृति सभा भएको छ।

हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा संस्थापक क्याम्पस प्रमुख मुकुन्द दास श्रेष्ठ र हेटौँडा-४ स्थित मकवानपुर जिल्ला खेलकुद विकास समितिमा केशवलाल श्रेष्ठको स्मृति सभा भएको छ। २०७२ साल बैशाख १२ गतेको भूकम्पमा परी मुकुन्ददास र केशवलालको काठमाडौंमा निधन भएको थियो ।

केशवलाल श्रेष्ठ भलिबल खेलको तत्कालिन प्रमुख राष्ट्रिय प्रशिक्षक हुनुहुन्थ्यो। मुकुन्ददास श्रेष्ठको मकवानपुर बहुमुखी क्याम्पसमा अर्धकदको प्रतिमा स्थापना गरिएको छ भने केशवलाल श्रेष्ठको मकवानपुर जिल्ला खेलकुद परिसरमा अर्धकदको प्रतिमा स्थापना गरिएको छ । मकवानपुर बहुमुखी क्याम्पसमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेल, उपाध्यक्ष अशोक शाक्य, क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल, स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष छोइसाङ लामासहित प्राध्यापक, कर्मचारी, विद्यार्थीको सहभागिता रहेको थियो ।

यस्तै केशवलाल श्रेष्ठको स्मृतिमा मकवानपुर जिल्ला खेलकुद विकास समिति परिसरमा केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजनामा स्मृति सभा भएको हो । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टसहित पदाधिकारीको सहभागिता रहेको थियो ।

# चैतमा २० जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा चैत महिनामा २० जना किशोरीहरु आमा बनेका छन् । एक महिनाको अधिमा २० वर्षभन्दा कम उमेरका २० जना किशोरी आमा बनेका हुन् ।

अस्पतालमा २ सय २४ जना गर्भवतीले सेवा लिँदा २० जना किशोरी रहेको हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो। चैत महिनामा अस्पतालबाट प्रसुति गराएका २ सय २४ जनामध्ये एक सय ३२ जना महिलाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए । अस्पतालमा ७ जना महिलाको अवस्था जटिल रहेको थियो भने ६५ जना महिलाको शल्यक्रिया गरेर बच्चा निकाल्नुपरेको थियो ।

सूचना अधिकारी झाका अनुसार ९४ जना बालिका र एक सय ९ जना बालकको जन्म भएको छ । फागुन महिनाको तुलनामा चैत महिनामा बढि किशोरी आमा बनेका छन्। किशोरावस्थामा बच्चा जन्माउँदा पाठेघरको समस्या हुने चिकित्सकहरुको भनाइ छ । किशोरी आमाले जन्माएको शिशुमा पनि विभिन्न समस्या देखिने भएकाले किशोरकिशोरीहरुलाई सचेत गराउन आवश्यक रहेको चिकित्सकहरुले बताएका छन् ।

# बागमती प्रदेश सभाको १३ औं अधिवेशन अन्त्य

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभाको जारी १३ औं अधिवेशन अन्त्य भएको छ । बागमती प्रदेश सरकारको बुधबार बसेको बैठकले प्रदेश प्रमुख समक्ष जारी अधिवेशन अन्त्य गर्न सिफारिस गर्ने निर्णय गरेको थियो ।

प्रदेश सरकारको सिफारिस लगत्तै प्रदेश प्रमुख यादवचन्द्र शर्माले बुधबार साँझ नै प्रदेश सभाको जारी अधिवेशन अन्त्य भएको जानकारी गराउनुभएको छ । "बागमती प्रदेश मन्त्रीपरिषद्मा नेपालको संविधानको धारा १८३ को उपाधारा (२) बमोजिम २०८१ साल बैशाख १२ गते बुधबार राती १२ बजेदेखि प्रदेश सभाको तेह्रौं अधिवेशन अन्त्य गरेको छु", प्रदेश प्रमुखको हस्ताक्षरमा जारी गरिएको पत्रमा उल्लेख गरिएको छ ।

# सम्पादकीय

## नि:शुल्क र अनिवार्य शिक्षा

अहिले देशभर विद्यार्थी भर्ना अभियान चलिरहेको छ । नयाँ शैक्षिक सत्रको सुरुवाती अवस्थामा नि:शुल्क शिक्षाको विषयले निकै चर्चा पाइरहेको छ । नेपालको वर्तमान संविधानले आधारभूत तह (कक्षा एकदेखि आठसम्म) को शिक्षालाई पूर्ण नि:शुल्क तथा अनिवार्य भनेको छ । यस्तै, माध्यमिक तह (कक्षा नौदेखि बाह्रसम्म) को शिक्षालाई नि:शुल्क बनाउने उल्लेख छ । संविधानको सोही व्यवस्थालाई कार्यान्वयन गराउन सरकारले २०७५ सालमा अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन र २०७७ सालमा अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी नियमावली लागू गरिसकेको छ । नि:शुल्क र अनिवार्य शिक्षा सम्बन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सरकारले ऐन तथा नियमावली लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

वर्तमान शिक्षामन्त्रीले विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क नलिन निर्देशन दिएकी छन् । यही बेला केही विद्यार्थी संगठनहरुले पनि नि:शुल्क शिक्षाको माग गरिरहेका छन् । विद्यालयले लिने शुल्कका बारेमा सूचना उपलब्ध गराउन मकवानपुरको एउटा विद्यार्थी संगठनले शिक्षा विकास तथा समन्वय इकाईसँग माग नै गरेको छ । हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले पनि दोहोऱ्याएर भर्ना शुल्क नलिन विद्यालयहरुलाई निर्देशन दिएको छ । नि:शुल्क शिक्षालाई संविधान तथा ऐनले नै ग्यारेन्टी गरिसकेको अवस्थामा शिक्षामन्त्री, विद्यार्थी संगठन, शिक्षा विकास तथा समन्वय इकाई वा स्थानीय तहको शिक्षा विकास महाशाखा/शाखाबाट यस्तो निर्देशन आउनु स्वभाविक हो । तर, संवैधानिक र कानुनी व्यवस्थाअनुसार नि:शुल्क र अनिवार्य शिक्षालाई सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था गर्न संघ, प्रदेश र स्थानीय सरकारले सकेको छैन । वर्षेनि शिक्षा क्षेत्रमा घट्दो बजेट विनियोजन गरेर अनिवार्य र नि:शुल्क शिक्षा दिनुपर्छ भन्नु सस्तो लोकप्रियतामात्र हुनेछ ।

अनिवार्य र नि:शुल्क शिक्षा कार्यान्वयन गर्नका लागि बालबालिकालाई नि:शुल्क पोशाक, नि:शुल्क पाठ्यपुस्तक, परीक्षा, भर्नालगायतका सम्पूर्ण शैक्षिक क्रियाकलाप नि:शुल्क हुनुपर्छ । मुलुकमा सामुदायिक र संस्थागत गरी दुईथरी शिक्षा व्यवस्था रहँदासम्म नि:शुल्क शिक्षा कसरी सम्भव हुन्छ ? सामुदायिक विद्यालयले दिने शिक्षामात्रै पनि नि:शुल्क बनाउन सरकारले दिँदै आएको अनुदानले सम्भव छैन । सरकारले सामुदायिक विद्यालय सञ्चालनका लागि सिमित संख्यामा शिक्षक र कर्मचारीको तलब दिन्छ । कयौं विद्यालयलाई सरकारले दिएको शिक्षक र कर्मचारी दरबन्दीभन्दा बढी संख्या आवश्यक छ । यस्तै, विद्यालयमा प्रयोग हुने मसलन्द र केही प्रशासनिक खर्चबापत दिने न्यून अनुदानले पक्कै विद्यालय सञ्चालन सम्भव हुँदैन । विद्यालयहरुमा हुने सरसफाइ, विद्युत्, पानी, सञ्चार, मर्मत सम्भार, परीक्षा, रंगरोगन, स्टेशनरी, अतिथि सत्कार तथा अन्य दैनिक प्रशासनिक कार्य गर्न आवश्यक बजेट व्यवस्था नहुँदासम्म व्यवहारिकरुपमा नि:शुल्क शिक्षाको व्यवस्था गर्न सम्भव छैन ।

संवैधानिक र कानुनी व्यवस्था भइसकेको सन्दर्भमा नि:शुल्क शिक्षाको माग गर्नु वा निर्देशन दिनु स्वभाविक भए पनि व्यहारिक देखिँदैन । साँच्चै सरकारले अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था गर्ने हो भने सबैभन्दा पहिला सामुदायिक विद्यालयको नक्सांकन र वर्गीकरण गरेर विद्यार्थी संख्या निर्धारण गर्नुपर्छ । उक्त विद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षक र कर्मचारीको व्यवस्था गर्नुपर्छ । विद्यालय सञ्चालनका लागि आवश्यक सबै खर्चको विवरण तयार पारेर विद्यालयलाई उक्त खर्च उपलब्ध गराउन सक्नुपर्छ । शिक्षा नि:शुल्क भन्दाभन्दै विद्यालयले किन शुल्क वा सहयोग लिइरहेका छन् भन्ने आम अभिभावक र सरकारी अधिकारीको जिज्ञासाको जवाफ खोज्नु आवश्यक छ । विद्यालयले लिइरहेको शुल्क कसरी र कहाँ खर्च भइरहेको छ भन्ने बारेमा सरकारले यथार्थ लेखापरीक्षण गराएर आवश्यक खर्च व्यवस्थापनको जिम्मा लिने हो भनेमात्र नि:शुल्क र अनिवार्य शिक्षा सम्भव हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : पढाई–लेखाईमा मिहिनेत गर्नुपर्ला । |
| वृष | : वैदेशिक प्रयोजनका काममा मन जाने छ । |
| मिथुन | : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् । |
| कर्कट | : कला र साहित्यमा झुकाव बढ्ने योग छ । |
| सिंह | : सामाजिक र धार्मिक काममा सरिक भइने छ । |
| कन्या | : वैदेशिक योगमा बाधा व्यवधान कारक छ । |
| तुला | : पठनपाठनका काममा ध्यान केन्द्रित नहोला । |
| वृश्चिक | : धार्मिक तथा सामाजिक काममा सरिक । |
| धनु | : खर्च बढ्नाले मन खिन्न हुने समय छ । |
| मकर | : शत्रुहरुसँग सजगता अपनाउँदा राम्रो । |
| कुम्भ | : परोपकारजन्य काममा सेवाभाव बढ्ने छ । |
| मीन | : धार्मिक र सामाजिक काममा सरिक भइएला । |

# न्यून पुँजीगत खर्चको पनि दुरुपयोग



✍ रुद्रप्रसाद भट्टराई

विकासका लागि खर्च गर्न छुट्ट्याएको पुँजीगत खर्चको रकम नै सदुपयोग नभएपछि कसरी हुन्छ विकास ? यसबारे नाटकीय बहस भए तापनि 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' जस्तै बनेको छ । हाम्रा असारे विकास रोकिएका छैनन् । केही वर्षको इतिहास हेर्ने हो भने नयाँ आर्थिक वर्ष सुरु हुन एक-दुई महिना बाँकी हुँदा १५-२५ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिएको छ । बाँकी रकम हतार-हतारमा खर्च भएका छन् ।

कति खर्च त कागजमै मात्र सीमित हुन्छन् भने कति रकम त्यसै फ्रिज भएका छन् । गरिएको खर्चमा सरकार, नेता, प्रशासक र ठेकेदारबीच आर्थिक लेनदेन गरी भ्रष्टाचार गरिएको पाइएको छ । यसरी छोटो समयमा गरिएको काम पनि त्यति प्रभावकारी देखिएको छैन । मतलब सरकार विकास खर्च गर्न असफल भएको छ । जबसम्म सरकारले पुँजीगत खर्चलाई यथोचित ढंगले कार्यान्वयन गर्न सक्दैन, तबसम्म जतिसुकै अन्य कुरामा सुधार गरे पनि देशको विकास हुन सक्दैन, जुन हामीले भोगिरहेका छौँ । पुँजीगत खर्च भनेको सम्पत्ति जोहो मात्र होइन, थप सम्पत्ति आर्जनको माध्यम पनि हो । यसले अर्थतन्त्रमा पुँजी निर्माण, उत्पादकत्व, आर्थिक वृद्धि र रोजगारी बढाउँछ भने अर्कातिर गरिबी घटाउँछ । तर, विकासका लागि कम रकम विनियोजन हुने र त्यसमाथि विनियोजित रकम नै खर्च नहुने परिपाटीले विकासको अवसरलाई झन् पर धकेलिरहेको छ ।

उत्पादनमा जोड दिने विकास मात्र विकास हो र मात्र त्यो विकास दिगो हुन्छ । अरू सबै व्यापारको दायरामा पर्छन् । विकासको पहिलो र अन्तिम खुड्किलो भनेकै उत्पादन हो । उत्पादनका लागि उद्योगको आवश्यकता पर्छ । विकासका लागि कति योजना बने, ती दिगो छन् कि छैनन् । गाउँसहरको हितमा छन् कि छैनन् ? बुझेर मात्र सुरु गर्नुपर्छ । नत्र सानो लोभले पनि डोजर आतंक चलिरहन्छ र गाउँको विकास दिगो बन्दैन । तसर्थ, स्थानीय तहलाई आत्मनिर्भर बनाउन असारे र डोजरे आतंकको अन्त्य गर्दै स्थानीय उत्पादनलाई प्रमुख प्राथमिकता दिनुपर्छ ।

रोजगारी बढाउन सक्नुपर्छ, किनकि गाउँ समृद्ध बन्न सके मात्र समग्र देश विकास सम्भव र दिगो हुन्छ, त्यो तागत पुँजीगत खर्चसँग हुन्छ । विकासमा गरिने खर्च पुँजीगत खर्च हो । पुँजीगत खर्च मूलतः विकास र सुधारका लागि गरिन्छ । योजना, नीति, कार्यक्रम र बजेटमा भौतिक सुधार र परिवर्तनका लागि प्रक्षेपण गरिने खर्च नै पुँजीगत खर्च हो । पुँजीगत खर्चले थप पुँजी निर्माण गरी आर्थिक विकासमा सहयोग पुर्याउँछ । आन्तरिक तथा बाह्य ऋण प्राप्ति, सेयर तथा ऋण लगानीको साँवा फिर्ता र सेयर तथा ऋण लगानी, वैदेशिक संस्थामा सेयर तथा ऋण लगानी, ऋणको साँवा भुक्तानी, वित्तीय व्यवस्था यसअन्तर्गत पर्छन् । पुँजीगत खर्च सार्वजनिक खरिद प्रक्रियासँग सम्बन्धित छ । यसका लागि सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउनका लागि सार्वजनिक



खरिदसम्बन्धी छाता ऐनका रूपमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा रहेको छ ।

आर्थिक वर्ष २०७८-७९ को ३२ असारसम्म २ खर्ब १६ अर्ब ३७ करोड २७ लाख रुपैयाँ पुँजीगत खर्च भएको थियो । त्यस आवका सरकारले ३ खर्ब ७८ अर्ब ९ करोड ७७ लाख पुँजीगत खर्चको लक्ष्य राखेको थियो । चालु आर्थिक वर्ष २०८०-०८१ मा १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख कुल बजेट विनियोजन गरिएको मध्ये पुँजीगत (विकास) खर्चतर्फ ३ खर्ब २ अर्ब ७ करोड विनियोजन गरिएको थियो । यस्तै चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड र वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ७ अर्ब ४५ करोड विनियोजन गरिएको थियो ।

सरकारले चालु आर्थिक वर्ष २०८०-०८१ को पुस मसान्तसम्म (६ महिना) मा ५ खर्ब ७३ अर्ब ६३ करोड २९ लाख खर्च गरेको छ । यो कुल विनियोजित बजेटको ३२.७५ प्रतिशत मात्रै हो । सो महिनामा ३८.८० प्रतिशत चालु खर्च भएको छ भने १६.७० प्रतिशत पुँजीगत खर्च भएको छ । यस्तै २६.०६ प्रतिशत वित्तीय व्यवस्थापन खर्च भएको छ । यो तथ्यांक नै काफी छ कि सरकारले हरेक वर्ष गरेका खर्चमध्ये पुँजीगत खर्च कम देखिन्छ । अघिल्लो वर्षको तुलनामा चालु आवमा २१ प्रतिशतले कम पुँजीगत खर्चका लागि बजेट विनियोजन गरेको थियो । गत वर्ष ३ खर्ब ८० अर्ब ३८ करोड पुँजीगत खर्च विनियोजन गरिएको थियो । यो दुई वर्षका खर्च नै पुँजीगत खर्च बुझ्न सजिलो छ ।

योजना, नीति तथा कार्यक्रमका आधारमा पुँजीगत खर्च गरिन्छ । नेपालमा वार्षिक नीति तथा कार्यक्रमको विश्लेषण वित्तीय सम्पादनका आधारमा गरिन्छ । पुँजीगत खर्च बिल्कुलै उत्पादनशील क्षेत्र, रोजगारी, भौतिक पूर्वाधार र पुँजीगत सुधारका लागि गर्नुपर्ने हो तर तालिम, गोष्ठी, सेमिनारमा हामी पुँजीगत खर्च गर्न प्रतिस्पर्धा गरिरहेका छौँ । यसको उत्पत्ति र उद्देश्यमाथि नै हामीले पटक-पटक प्रहार गरिरहेका छौँ ।

नीति तथा योजना तहमा पुँजीगत खर्चको रकम बढाउने मात्र कुरा हुन्छ, तर त्यसको प्रयोग भयो कि भएन भन्ने कुरा कुनामा पारिन्छन् । अनुत्पादक क्षेत्रमा पुँजीगत खर्चको नाममा खर्च भइरहेको छ । बजेट दिग्दर्शन, अनुगमन मूल्यांकन निर्देशिका र विभिन्न खालका कार्यविधि भए पनि सोअनुसार पुँजीको विनियोजनमा हामी अहिलेसम्म चुकेका छौँ, कामको त कुरा अलि परकै हो । महत्वपूर्ण कुरा त यो छ कि यो थाहा नपाउने र नभएर भने होइन । जनताका विकास आवश्यकता अधिक छन्, तर सरकारले पुँजीगत खर्च गर्न सकिरहेको छैन, अर्कातिर शीर्षकको रकम पनि उत्तिकै न्यून त छँदै छ ।

जसरी भ्रष्टाचारको घुमाउरो शैली हावी छ, ठीक त्यसरी नै अहिले त पुँजीगत खर्चलाई टुक्रे कार्यक्रम बनाएर खर्च गर्ने गलत प्रवृत्ति बढेर गएको छ । ऐन-नियमलाई पछ्याउँदै कार्यविधि, निर्देशिका बनाएर नै खर्च गर्ने गरेको पाइन्छ । प्रदेश र स्थानीय तहमा यसको भेलबाढी नै आएको छ । मुख्य भौतिक सुधारमा गरिएको खर्चभन्दा सहायक खर्च पुँजीगत राख्दा खर्चको दर बढेर जाने तर वास्तविक भौतिक पूर्वाधारमा सुधार भएको देखिँदैन ।

प्रदेश र स्थानीय तहमा आवधिक योजना र मूल्यांकन निर्देशिकालाई आधार मानेर बजेट निर्माण भएको पनि देखिँदैन । हामीले वि.सं. २०१३ देखि विकासका विभिन्न नमुनामा चालु र पुँजीगत खर्च गर्दै आएका छौँ । तर, स्पष्ट रूपमा भौतिक विकास र ढाँचाको खाका तयार गर्न सकेका छैनौं । हामी नीतिगत रूपमा नै प्रस्ट अहिलेसम्म छैनौँ । अहिलेसम्मको प्रयोगमा सरकारले आफ्नै स्वामित्वमा कुनै ठूला पूर्वाधारको काम गरेको छैन । सरकार निजी क्षेत्र र सहकारी क्षेत्रको संलग्नता सबैतिर देखिन्छ । विकासमा सरकारी नीति बढी नियन्त्रणमुखी देखिएका छन् । हालत सबैतिर पतला देखिएको छ ।

पुँजीगत कार्यक्रमका लागि स्रोतको सुनिश्चितता हुनुपर्छ । योजना, आयोजना, कार्यक्रमको ढाँचा तयार भएपछि मात्र स्रोत सुनिश्चित गर्नुपर्छ । कार्यविधिहरू स्पष्ट हुनुपर्छ । तर, हामी पहिले बजेट छुट्ट्याउँदै अनि योजना बनाउँछौँ । अहिले डिपिआरको त झन् लहर चलेको छ, डिपिआर पुँजीगत खर्च गर्ने माध्यम बनेको छ । बहुवर्षीय आयोजनाहरूमा थोरै मात्र विनियोजन गर्छौ । योजनाहरूमा स्रोत निश्चित हुँदैन । टुक्रे र छरिएका योजनाहरू थुप्रै छन् । प्रदेश, स्थानीय तहमा मन्दिर, सांस्कृतिक ठाउँमा पुँजीगत खर्च थुप्रै छ ।

महायज्ञका लागिसमेत पुँजीगत खर्च छुट्ट्याइएको छ । मूल्यांकन गर्ने कुनै आधार छैन । पूर्वाधार विकासमा आवधिक योजनालाई पछ्याएका छैनन् । पुँजीगत खर्च जसरी पनि बढाउनुपर्ने दबाब बढेको छ । एउटाले भत्काउने अनि अर्काले बनाउने गर्दा पुँजीगत खर्च बालुवामा पानी हालेजस्तो भएको छ । संघ, प्रदेश र स्थानीय तहमा यस्ता नमुना विकास अझै पनि देखिन सकेका छैनन् । यसमा पनि राजनीतिक गठबन्धन र अस्थिरताको नामले त पुँजीगत खर्चलाई अर्थ न बर्थजस्तै बनाएको छ । सबैलाई खुसी पार्न, चित्त बुझाउन पुँजीको विनियोजन गर्नुपरेको छ । विविध शीर्षकलाई यसै खर्चमा घुसाउँदा न विकास दिगो भएको छ, न यसबाट लाभ लिनेको मुहारमा खुसी देखिएको छ । यसबाट पुँजीगत खर्चको दोहन भएको प्रष्ट छ ।

वस्तुपरक ढाँचा र प्रक्षेपण गर्ने, मूल्यांकन सही गर्ने र पुँजीगत खर्चलाई एकद्वार प्रणालीबाट पुँजीको सुनिश्चितता गर्नुपर्छ । पुँजीगत खर्चबाट तलबभत्ता खानु हुँदैन, विकासमा खर्च गरिनुपर्छ, सम्भाव्यता अध्ययन गरेर बजेट ल्याउनुपर्छ, परियोजना प्रस्ताव बनाउनुपर्छ, ठेक्कापट्टाको चलखेल रोकिनुपर्छ, राजनीतिक र प्रशासनिक प्रतिबद्धता हुनुपर्छ, परियोजना कार्यालय खोलिनुपर्छ, अबन्डामा बजेट राख्नु हुँदैन, बहुवर्षीय योजनामा जोड दिनुपर्छ । यस्तै शिक्षामा कार्यास्थलमै खर्चको अख्तियारी दिने, सजिला काम तत्कालै गर्ने जस्ता कार्यले पुँजीगत बजेट खर्चमा फड्को मार्न मद्दत गर्नेछ । तर हाम्रो यात्रा त्यस्तो देखिँदैन । अनुगमनलाई औपचारिकतामा सीमित गर्दा पनि हाम्रा आयोजनाहरू समयमा सम्पन्न हुन नसकेका हुन् ।

अनुगमन गर्ने अधिकारीहरूमा सम्बन्धित क्षेत्रमा विषयगत ज्ञानका अतिरिक्त उच्च नैतिकता एवं इमानदारिता भए मात्र अनुगमनले सार्थकता पाई आयोजनाहरू समयमै सम्पन्न हुने अवस्था आउँछ र पुँजीगत बजेटको लक्ष्य हासिल हुन्छ । अपेक्षित विकास एवं प्रतिफलका लागि आयोजना-चक्रमा नै एउटा प्रभावकारी हस्तक्षेप आजको आवश्यकता बनेको छ । नियन्त्रणात्मक ऐनहरू खारेजी, दुई पक्ष सम्झौता र मध्यस्थताका आधारमा कामको जिम्मेवारी, काम नगर्नेलाई कालोसूची र भविष्यसम्मको कारबाही अनि बहिस्करण, तालिम, गोष्ठी र सेमिनारमा प्रदेशमा एकद्वार प्रणालीमा रकम विनियोजन, मठ-मन्दिर र सांस्कृतिक सुधारका लागि निश्चित रकम स्थानीय तहलाई नै विनियोजन गरिनुपर्छ । नत्र सधैँभरि पुँजीगत खर्चको दुरुपयोग निरन्तर बढ्ने निश्चित छ ।

तर, यहाँ 'मसान बैराग्य' भनेजस्तै छ । हतियार दरिलो बनाउने बेलामा मात्रै सोचेजस्तै गम्भीर बन्ने अनि बिर्सने । पुँजीगत खर्च एकतिर खर्च नगर्ने, गरे पनि वाहियात शीर्षकमा गर्ने गलत परम्परा कायम रहँदा जनताले विकासको स्वाद अनुभूत गर्न नै अझै पाएनन् । भ्रष्टाचारले डाँडो काट्यो, युवा गाउँमै र माउने वातावरण करिब टुंगिसकेको छ । योजनाकर्ता बल्ल अब तातेजस्तो गर्दै छन्, जुन अत्यन्त ढिला भइसकेको छ । यसकारण उत्पादन र रोजगारी सिर्जनाको माध्यम बनेको पुँजीगत खर्च व्यवस्थापन झनै पेचिलो मुद्दा बन्दै गएको छ । विकासले जनतालाई जोड दिनुपर्छ र उसकै लागि केन्द्रित हुनुपर्छ । पर्याप्त स्रोतको अभावमा विकासले गति लिन सक्दैन । विकासले मनोवैज्ञानिक परिवर्तनको प्रक्रियालाई मात्र होइन, भौतिकतालाई पनि समेट्न सक्नुपर्छ ।

विकासको साध्य भनेको मानवीय जीवनलाई सहज र सुखमय बनाउनु हो । जनताको चाहना भनेको सम्पन्न र सन्तोषजनक जीवनयापन गर्ने अवसर माथिको पहुँच विस्तार गर्नु हो । यही अर्थतन्त्रले नागरिकको क्षमता, अस्तित्व, अधिकार, स्वतन्त्रता, आत्मविश्वास र असल शासनलाई निर्दिष्ट गर्छ । किनकि असल शासनबिना देश विकास असम्भव प्रायः छ । यही अभावमा आज विकासका विविध गतिविधि दायराभन्दा बाहिर गएका छन् ।

फलतः विकासको सयौँ वर्षदेखिको चाहना आज पनि पूरा हुन सकेको छैन । प्रतीक्षाको क्रम जारी छ, तर प्राप्तिका संकेतहरू टाढा बनेका छन् । विकासको यात्रा परिवर्तित अवश्य छ । शैली फेरिएको छ तर त्यसको सीमितताले गर्दा विकासको अभाव कायमै छ । हामी भन्न छाडेका छैनौं– पानी छैन, बाटो छैन । खर्चका क्षेत्र हुन्छन्, कुन कहाँ गर्ने हो त्यहीँ प्रयोग हुनुपर्छ । सीमाविहीन बनाइनु हुँदैन । यसकारण पुँजीगत खर्चको प्रयोगमा थप खबरदारी र चिन्तन आवश्यक छ ।

*(स्रोतः कारोबारदैनिक)*

# सहकार्यको उद्देश्य नै शैक्षिक सुधार हो




नरेन्द्र कुमार नगरकोटी, अव्यक्त खनाल र सुदीप राज गिरी (बायाँबाट क्रमशः)।

**एउटै प्रकृतिका दुई संस्थाबीच स्वस्थ र व्यावसायिक प्रतिस्पर्धाले सेवाग्राहीले लाभ प्राप्त गर्ने अवसरको परिकल्पना गरिन्छ । प्रतिस्पर्धासँगसँगै सहकार्य र समन्वय गरेर पनि लक्षित वर्गलाई अझ बढी लाभको अवसर सिर्जना गर्न सकिन्छ । सहकार्य, समन्वय, स्वस्थ र व्यावसायिक प्रतिस्पर्धाको नियमन र सहजीकरण गर्ने राज्यका निकायको पनि ध्यान जाने हो भने लाभको दर अझ बढ्ने अपेक्षा गर्न सकिन्छ । हेटौँडा-४, कमलडाँडास्थित नवोदय शिशु सदन माविको नवोदय इनोभेसन सेन्टर र हेटौँडा-१८, खड्कुलेस्थित मकवानपुर बालविद्या सदनबीच २०८० चैत १० गते आपसी सहकार्य र समन्वयको विषयमा सम्झौता भएको छ । समान प्रकृतिका दुई शैक्षिक संस्थाबीचको समन्वय र सहकार्यको विषयमा समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले नवोदय शिशु सदन माविको नवोदय इनोभेसन सेन्टरका निर्देशक अव्यक्त खनाल, नवोदय शिशु सदनको तालिम विभागका प्रमुख नरेन्द्र कुमार नगरकोटी र मकवानपुर बालविद्या सदनका संस्थापक प्रिन्सीपल सुदीप राज गिरीसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:**

**समाजः नवोदय इनोभेसन सेन्टर र मकवानपुर बालविद्या सदनबीच गत साता चैत्र १० गते एउटा सम्झैता भएको छ । सबैभन्दा पहिले त यो नवोदय इनोभेसन सेन्टर भनेको के हो ? यसलाई विद्यालयभित्र इनोभेसन सेन्टर भनेर कसरी परिकल्पना गर्नु भयो ?**

**खनालः** नवोदय इनोभेसन सेन्टर हेटौँडामा नवोदय शिशू सदनको एउटा विभागको रुपमा स्थापित गरेको छ। यसको मुख्य उद्देश्य भनेको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्ने क्रममा देखिने विभिन्न समस्याहरुको समाधान गर्ने एउटा विभाग हो । तत्कालरुपमा हामीले हेर्नुपर्दा शिक्षकलाई तालिम प्रदान गर्ने, अन्य विद्यालयसँग पनि सहाकार्य गर्ने गरी इनोभेसन सेन्टर स्थापना गरेका हौं ।

**समाजः इनोभेसन सेन्टर तपाईहरूले कहिले स्थापना गर्नुभयो ? साथ-साथै तपाईहरू अरू निजी विद्यालयहरूबीच सहकार्यको प्रयास गर्दै हुनुहुन्छ ?**

**खनालः** हामीले यस बाहेक अरु काम पनि गर्छौं । जस्तै, विद्यालयमा नेतृत्व विकास सम्बन्धी तालिम, कार्यशालादेखि विभिन्न ठाउँमा हामी हात हाल्छौं ।

**समाजः नवोदय इनोभेसन सेन्टरले मकवानपुर बालविद्या सदनसँग जुन सहकार्य गरेको छ । त्यसको उद्धेश्य के हो ?**

**खनालः** मकवानपुर बालविद्या सदनसँग सम्झौता गर्नुअघि हामीले मकवानपुर बालविद्या सदनको सघन अवलोकन गर्‍यौं । मकवानपुर बालविद्या सदनका सञ्चालक, प्रिन्सीपलसँग कुराकानी गर्दा उहाँहरुले पनि शिक्षाको क्षेत्रमा एउटा अनुपम विद्यालय बनाउनु पर्छ, कक्षामा पढाएर मात्र हुँदैन भन्ने सोच राख्नु भएको पायौं । गतवर्षदेखि नै सहकार्यको प्रयास भएको हो । विभिन्न कारणले गत वर्ष औपचारिकरुपमा सम्झौता हुन सकेन । र यस वर्ष हामीले सुरु गर्‍यौं । यसमा मकवानपुर बालविद्या सदनलाई नवोदय इनोभेसन सेन्टरको तर्फबाट पुरै विद्यालयमा विशेषगरी शिक्षकलाई तालिम र बच्चालाई सर्वाङ्गीण क्रियाकलापहरु, शिक्षकको क्षमता विकास गर्न सहयोग गर्ने सम्झौता भएको छ ।

**समाजः पूर्व प्राथमिक तहमै विद्यार्थीहरूको सीपलाई विकास गरिन्छ ?**

**खनालः** हो यस वर्ष हामीले धेरै फोकस चाहिँ पूर्वप्राथमिक तहमा गर्छौं । केहि काम प्राथमिक तहमा क्रमशः गर्छौं ।

**समाजः संस्थागत विद्यालयबीच प्रतिस्पर्धा हुनुपर्ने हो । तर, तपाईहरूले सहकार्य गर्न गइरहनुभएको छ । प्रतिस्पर्धाको सट्टा सहकार्य कसरी सभव होला ?**

**गिरीः** हामीले प्रतिस्पर्धा केका लागि हो ? जस्तो पाँच वटा स्टेपहरुबाट चलिरहेको हुन्छ । अब हामीले अहिले बजारमा हेर्ने हो भने विभिन्न किसिमको प्रचार देखेका छौं । एकआपसमा अस्वस्थ प्रतिस्पर्धारु देख्न सक्छौँ । त्यसरी शिक्षाको विकास हुन्छ जस्तो लाग्दैन । हामीले अहिले खोजेको शिक्षा भनेको ग्रेडसिटमा धेरै चासो बढेको देखिन्छ । मैले ७ बर्ष भयो मकवानपुर बालविद्या सदनमा सुरु गरेको मलाई यो ७ वर्षमा काहिँ चित्तबुझाई छैन । तर रिजल्ट राम्रो छ । मलाई चित्त नबुझेको कारण केहो भने मेरो एसईई दिएर गइसकेका विद्यार्थीहरु भोलि समाजमा गएर असल मानिसको रुपमा स्थापित हुन सक्छन् कि सक्दैनन् भन्ने हो ।

**समाजः इनोभेसन सेन्टरसँग सहकार्य गर्नुभयो । त्यसमा के कस्ता प्रयत्न छन् तपाईले नवोदयमा सहकार्य गर्न प्रेरित गर्‍यो ?**

**गिरीः** सबै आवश्यक कुराहरु प्याकेज बनेर आउँदो रहेछ । अझ यसलाई राम्रो बनाउने प्रयत्न गर्छौं । हामीले काम गर्दा पनि संस्थागतरुपमा काम गर्छौं ।

**समाजः भनेपछि अबको प्रक्रिया के हुन्छ ?**

**गिरीः** त्यो अध्ययन भएर हामीले एक किसिमको संरचना निर्माण गरिसक्यौं । कतिपय कुराहरु हुनै पर्छ भन्ने केन्द्रित छ ।

**समाजः नवोदय इनोभेसन सेन्टर र मकवानपुर बालविद्या सदन मिलेर कसरी के कस्ता काम गर्नुहुन्छ सुरूवातमा ?**

**नगरकोटीः** विद्यालयमा काम गर्नु पर्छ । के-के काम गर्नुपर्छ भन्ने कुरा हामीले पहिचान गरिसकेका छौं । त्यसका लागि पूर्व प्राथमिक तहका कक्षामा आवश्यक सर्वाङ्गिण विकासका लागि चाहिने कुराहरुमा छिटो गर्छौं । मकवानपुर बालविद्या सदनको नेतृत्व विकासका लागि हामीले काम गर्छौं । अब आउने शिक्षाकहरुले त्यसलाई आत्मसात गर्न सकून् भन्ने हो । त्यसका लागि हामीले मोनिटरहरुमा बसेर हामी काम गर्छौं ।

**समाजः अहिले हामी शिक्षाकको क्षमता विकासमा मात्र जोडिन्छौ कि ? अरू क्षमता विकासको क्षमताहरू तपाईहरूले कसरी व्यावस्थापन गर्नुभएको छ ?**

**नगरकोटीः** यसलाई हामीले कसरी सोचेका छौं भने शिक्षकहरुले यो कुरा स्वीकारिसकेपछि । उहाँहरुमार्फत त दोस्रो चरण चल्छ । हामी पछाडि बसेर साथमात्र दिन्छौ ।

**समाजः नवोदयले मकवानपुर बालविद्या सदनसँग गतवर्षदेखि प्रयत्न गर्दा यो वर्ष औपचारिकरूपमा अगाडि बढेको छ । अरू विद्यालयसँग पनि काम गर्न सक्छ ?**

**नगरकोटीः** मुख्यरुपमा पहिले हामीले परीक्षणको रुपमा १० वटा विद्यालय लिने कुराहरुमा छलफल भइरहेको छ । हेटौँडा-४, कर्रास्थित श्रमिक माविसँग निजीगत र संस्थागत दुवैमा जोडिन्छौं । हाम्रो उद्देश्य नै शैक्षिक सुधार हो ।

# लुम्बिनीका ७ विनाविभागीय मन्त्रीले पाए जिम्मेवारी

बुटवलः लुम्बिनीका ७ जना विना विभागीय मन्त्रीले जिम्मेवारी पाएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार शहरी विकास तथा खानेपानी मन्त्रालयमा भूमिश्वर ढकाल, आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालयमा दिनेश पन्थी, वन तथा वातावरण मन्त्रालयमा अर्जुन केसी र सामाजिक विकास मन्त्रालयमा रत्नबहादुर खत्रीलाई जिम्मेवारी दिइएको छ । चारैजना मन्त्री नेकपा एमालेबाट मन्त्री बनेका हुन् ।

यस्तै भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयमा धर्मबहादुर चौधरी, पर्यटन उद्योग तथा सहकारी मन्त्रालयमा खड्ग बस्नेत र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी भगवती अधिकारीलाई दिइएको छ । चौधरी नागरिक उन्मुक्तिपार्टी, बस्नेत स्वतन्त्र र अधिकारी एकीकृत समाजवादी पार्टीकी हुन् । यसअघि एमालेबाट चेतनारायण आचार्यले अर्थ मन्त्रालय, माओवादीका दीपेन्द्र पुनले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाइसकेका थिए ।

यस्तै कृषि तथा भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी पाएका जनता समाजवादी पार्टीका भण्डारीलाल अहिरले भने राजीनामा दिएका छन् । जसपाले दुई वटा मन्त्रालय दिने लिखित सहमति पालना नगरी एउटा मन्त्रालय मात्रै दिएको भन्दै असन्तुष्टि जनाएर अहिरलाई राजीनामा गराएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री जोखबहादुर महराले राखेका छन् । लुम्बिनीमा यसअघि नेकपा एमालेका लिला गिरी र नेपाली कांग्रेसका डिल्लीबहादुर चौधरी मुख्यमन्त्री हुँदा १० मन्त्रालय थिए । तर माओवादी केन्द्रका महरा मुख्यमन्त्री भएपछि दलहरुलाई भाग पुर्‍याउन मन्त्रालय फुटाएर दुईवटा थपिएको हो । एमाले, माओवादी, नागरिक उन्मुक्ति, जसपा, एकीकृत समाजवादी गरी पाँच राजनीतिक दलका ४७ र स्वतन्त्र सांसद एकजना गरी ४८ प्रदेश सभा सदस्यको समर्थनमा माओवादी संसदीय दलका नेता जोखबहादुर महरा चैत २३ गते मुख्यमन्त्री बनेका हुन् । *स्रोत: अनलाइनखबर ।*

# जलेश्वरमा विभिन्न मूर्तिको प्राणप्रतिष्ठा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित जलेश्वर महादेव मन्दिर परिसरमा विभिन्न भगवानका मूर्तिको प्राणप्रतिष्ठा गरिएको छ । हेटौँडा-२ निवासी सेवानिवृत्त शिक्षक रामचन्द्र आचार्य 'फुर्सती' परिवारले कालभैरवको पाषाण मूर्ति स्थापना गरेका गर्नुभएको थियो ।

२ फिट अग्लो मूर्तिको मंगलबार र बुधबार दुई दिन वैदिक विधिबाट प्राणप्रतिष्ठा गरिएको हो । त्यस्तै हेटौँडा-२ निवासी महेश्वरमान श्रेष्ठको परिवारले शिवलिङ्ग, नन्दि र गणेश भगवानको मूर्ति स्थापना गरेको छ । हेटौँडा-२ निवासी भोला अर्यालको परिवारले शेषनागको मूर्ति स्थापना गरेको छ । सबै मूर्तिको वैदिक विधिअनुसार प्राणप्रतिष्ठा गरिएको हो ।

मूर्तिको जलाधिवासदेखि शैयाधिवाससम्मका विधि पूरा गरी प्राणप्रतिष्ठा गरिएको थियो । सो अवसरमा होमयज्ञ, रुद्रीपाठ, चण्डिपाठ, गणेशस्तोत्र, शिवस्तोत्र, भैरवस्तोत्र, नागस्तोत्रको पाठपारयण गरी बुधबारबाट मूर्तिमा सर्वसाधारणका लागि पूजाआजा खुला गरिएको हो । पण्डित रामचन्द्र आचार्य, बासुदेव आचार्य, कपिल लामिछाने, अभ्युदय खनाल, डुकराज पौडेलले धार्मिक बिधिअनुसार मूर्तिको प्राणप्रतिष्ठाको सहजीकरण गरेका थिए ।

कार्यक्रममा हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, नेपाली कांग्रेसका जिल्ला सचिव ईश्वर पाठक, जलेश्वर मन्दिर संरक्षण समितिका अध्यक्ष मुरारी सुवेदी, वडासदस्य ईन्द्रप्रसाद रिजाल, टोल विकास समितिका पदाधिकारीलगायत सहभागी थिए ।

**नेपाल आई प्रोग्राम द फ्रेड होलोज आईओएल् ल्यावोरोटोरी उद्योगको**

**वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

*सूचना प्रकाशित मिति: २०८१ /०१ /१३ गते*

बागमति प्रदेश मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिकामा नेपाल आई प्रोग्राम द फ्रेड होलोज आईओएल् ल्याबोरोटोरीद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल आई प्रोग्राम द फ्रेड होलोज आईओएल् ल्याबोरोटोरी हेटौडा उप-महानगरपालिका वडा नं. ३, बसामाडी, मकवानपुर, बागमती प्रदेश<br>ईमेल: tiofhiol@gmail.com<br>फोन नं : ९८४१७०९८२६ |
| प्रस्तावकको व्यहोरा | उद्योग निर्माण गर्ने |
| प्रभाव पर्न सक्ने स्थान | हेटौडा उप-महानगरपालिका वडा नं. ३, मकवानपुर |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न हेटौडा उप-महानगरपालिका, ३ नंबर वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्रचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल आई प्रोग्राम द फ्रेड होलोज आईओएल् ल्यावोरोटोरी<br>हेटौडा उप-महानगरपालिका वडा नं. ३, बसामाडी, मकवानपुर, बागमती प्रदेश<br>ईमेल: tiofhiol@gmail.com<br>फोन नं.: ९८४१७०९८२६ |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन एनालाईटिक्स प्रा.लि.<br>काठमाण्डौं म.न.पा. - ०२, लाजिम्पाट, काठमाडौं<br>इमेल: info@greenanalytics.com.np<br>फोन नं.: ९८४१४९०५४२ |

**शिक्षक आवश्यकता**

*दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/०१/१३*

उपर्युक्त सम्बन्धमा यस श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का लागि आवश्यकत पशिलमा उल्लेखित पदहरुमा अंग्रेजी माध्यमका लागि आन्तरिक श्रोतमा खुल्ला प्रतिष्पर्धाबाट करार पदपूर्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार प्रथमपटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | तह/पद | माग संख्या | विषय | न्यूनतम शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|---|---|
| १ | ०३/०८०/०८१ | माध्यमिक तह, शिक्षक | ३ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई स्नातक तह वा सोसरह उत्तीर्ण गरेको । | |
| २ | ०४/०८०/०८१ | माध्यमिक तह, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | |
| ३ | ०५/०८०/०८१ | माध्यमिक तह, शिक्षक | १ जना | नेपाली | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय नेपाली लिई स्नातक तह वा सोसरह उत्तीर्ण गरेको । | |
| ४ | ०६/०८०/०८१ | आधारभूत तह निमावि, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ५ | ०७/०८०/०८१ | आधारभूत तह निमावि, शिक्षक | १ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |
| ६ | ०८/०८०/०८१ | आधारभूत तह प्राvि, शिक्षक | १ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ७ | ०९/०८०/०८१ | आधारभूत तह प्राvि, शिक्षक | १ जना | अंग्रेजी | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय अंग्रेजी लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ८ | १०/०८०/०८१ | आधारभूत तह प्राvि, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |

**आवश्यक न्यूनतम योग्यता:**

१) उमेर: १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
२) सेवा सुविधा: विद्यालय व्यवस्थापन समितिले तोकेअनुसार ।
३) आवेदन फारम दस्तुर: मावि तहको रु १,०००।-, निमावि तहको ७००।- र प्रावि तहको रु ५००।- (बैङ्क भौचर अनिवार्य)
४) परीक्षाको किसिम: लिखित, मौखिक तथा कक्षा अवलोकन
५) अन्तिम मिति: २०८१ बैशाख १९ गते मंगलबार
६) सम्पर्क मिति: २०८१ बैशाख २० गते बुधबार
७) परीक्षा मिति: सम्पर्क मितिको दिन तय गरिने छ ।

**पेश गर्नुपर्ने कागजातहरू:** हस्तलिखित निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्यूटर शिक्षा वा आधारभूत तालिमसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपि, अंग्रेजी भाषा लेखन तथा सञ्चारमा निपूर्ण भएका तथा अध्यापन अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता दिइने छ ।

**थप जानकारीका लागि**

**श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

**हेटौँडा-४, मकवानपुर**

**सम्पर्क नं. ०५७-५२०४२०**

# जिल्ला फुटबल संघद्वारा राष्ट्रिय महिला टिमलाई सहयोग



*सहयोग रकमको चेक हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले महिलाको राष्ट्रिय फुटबल टिमलाई नगद सहयोग गरेको छ। महिला राष्ट्रिय टिमको मुख्य प्रशिक्षक राजेन्द्र तामाङ र खेलाडी अनिता बस्नेतलाई जिल्ला फुटबल संघका अध्यक्ष तथा एन्फाका केन्द्रीय सदस्य टीकाराम लामाले एक लाख रुपैयाँको चेक हस्तान्तरण गर्नुभएको हो ।

वाफ च्याम्पियनसीप फुटबल प्रतियोगितामा उपविजेता बन्न सफल हुने महिला टोलीलाई प्रोत्साहन गर्न जिल्ला फुटबल संघको तर्फमा पुरस्कारस्वरुप नगद प्रदान गरेको उहाँले बताउनुभयो । वाफ च्याम्पियन महिला फुटबल प्रतियोगितामा सहभागी हुने महिला टिमलाई विदाई गर्ने क्रममा गरेको घोषणाअनुरुप नगद सहयोग गरेको उहाँले बताउनुभयो । महिलालाई प्रोत्साहन गर्न, महिला खेलाडीहरुको क्षमतालाई अभिवृद्धि गराउन र अन्य जिल्लाको फुटबल संघहरुले पनि खेलाडीलाई प्रेरित गर्न पुरस्कारस्वरुप नगद प्रदान गरेको उहाँको भनाइ छ ।

राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भएका महिलाहरुको हौसला बढाउन मकवानपुर जिल्ला फुटबल संघबाट नै यो कार्यको सुरुवात भएको अध्यक्ष लामाले बताउनुभयो । विभिन्न प्रकारको राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भएका पुरुष खेलाडीहरुका लागि जिल्ला फुटबल संघले विभिन्न कामहरु गर्दै आएको बताउनुहुँदै महिलालाई पनि प्राथमिकतामा राख्न आवश्यक रहेको उहाँको भनाइ छ ।

## कक्षा १२ को वार्षिक परीक्षा भोलिदेखि

# मकवानपुरबाट ७,६९० जना विद्यार्थी सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः भोलि शुक्रबारबाट सुरु हुने कक्षा १२ को वार्षिक परीक्षामा मकवानपुर जिल्लाबाट ७ हजार ६ सय ९० जना विद्यार्थी सहभागी हुँदैछन् । नियमिततर्फ ५ हजार ५ सय ८७ जनाले परीक्षा दिने राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाका अधिकृत जयप्रकाशप्रसाद कुशवाहले जानकारी दिनुभयो ।

मकवानपुरमा कक्षा १२ सम्म अध्यापन हुने ५३ वटा विद्यालय रहेका छन् । जिल्लामा यस वर्ष १९ वटा परीक्षा केन्द्र तोकिएको छ । २०७८ र २०७९ सालमा नियमित परीक्षा दिएर यस वर्ष ग्रेडवृद्धि परीक्षा दिने परीक्षार्थी एक हजार ९ सय ६२ जना रहेको उहाँले बताउनुभयो । यस्तै, २०७६ र २०७७ सालबाट परीक्षा दिन थालेका एक सय ४१ जना र कक्षा ११ मा आंशिकतर्फबाट १४ जना परीक्षार्थीले परीक्षा दिने कुशवाहले जानकारी दिनुभयो ।

राष्ट्रिय परीक्षा बोर्ड, हेटौंडाको कार्यक्षेत्र बारा, पर्सा, रौतहट, चितवन र मकवानपुरमा गरी ३५ हजार ३ सय ७५ जना परीक्षार्थीले कक्षा १२ को नियमित परीक्षा दिनेछन् । ५ जिल्लामा १ सय ४३ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो । बाराबाट नियमिततर्फ ४ हजार ६ सय ४९ जना र आंशिकतर्फ २०७८-२०७९ बाट २ हजार २ सय ६४ जना, २०७६-२०७७ बाट ३० जना गरी ६ हजार ९ सय ४३ जनाले परीक्षा दिने छन् । बारा जिल्लामा ७३ वटा विद्यालय रहेकोमा २३ परीक्षा केन्द्र तोकिएको छ । यस्तै, रौहटबाट नियमिततर्फ ६ हजार ५ सय ५५ जना, आंशिकतर्फ २०७८-७९ बाट ७ सय ७० जना, २०७६-७७ बाट ७२ जना गरी ७ हजार ३ सय ९७ जनाले परीक्षा दिनेछन् । ६९ वटा विद्यालय रहेकोमा २७ वटा परीक्षा केन्द्र तोकिएको छ ।

पर्साबाट नियमिततर्फ ६ हजार ७ सय २३ जना, आंशिकतर्फ २०७८-७९ बाट २ हजार ४ सय ९० जना, २०७६-७७ बाट ३३ जना गरी ९ हजार २ सय ४६ जनाले परीक्षा दिनेछन् । ९८ वटा विद्यालय रहेकोमा २० वटा परीक्षा केन्द्र तोकिएको छ । यस्तै, चितवनबाट नियमिततर्फ ११ हजार ८ सय ६१ जना, आंशिकतर्फ २०७८-७९ बाट ३ हजार ४ सय १६ जना, २०७६-७७ बाट ९२ जना गरी १५ हजार ३ सय ६९ जनाले परीक्षा दिनेछन् । चितवनमा १ सय २९ वटा विद्यालय रहेकोमा ४६ वटा परीक्षा केन्द्र तोकिएको छ ।

यसवर्ष राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाको कार्यक्षेत्रभित्र रहेका ५ वटा जिल्लाबाट ४६ हजार ६ सय ४५ जना विद्यार्थीले परीक्षा दिनेछन् । नियमिततर्फ ३५ हजार ३ सय ७५ जना, २०७८-७९ आंशिकतर्फ १० हजार ९ सय २ जना, २०७६-७७ आंशिकतर्फ ३ सय ६८ जना विद्यार्थीले परीक्षा दिनेछन् । ती जिल्लामा यसवर्ष १ सय ४३ वटा परीक्षा केन्द्र तोकिएको छ ।

परीक्षाको तयारीस्वरुप बोर्डले ५ वटै जिल्लामा अभिमुखीकरण कार्यक्रम समेत गरेको छ । परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन अभिमुखीकरण गरिएको राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालयका प्रमुख कृष्णप्रसाद घिमिरेले जानकारी दिनुभएको छ ।

# हेटौंडामा आँखाको लेन्स उत्पादन गरिने

समाज संवाददाता

हेटौंडाः तिलगंगा आँखा प्रतिष्ठानले नेपाल आँखा कार्यक्रमअन्तर्गत् हेटौंडा-३, बसामाडीमा आँखाको लेन्स उत्पादन प्रयोगशाला (उद्योग) स्थापना गर्ने भएको छ। उक्त प्रयोगशाला स्थापनाको सन्दर्भमा तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षणबारे राय सुझाव संकलनका लागि बुधबार सार्वजनिक सुनुवाई कार्यक्रम भएको हो ।

हेटौंडामा स्थापना हुने इन्ट्रा अकुलर लेन्स (आइओएल) ल्याबोरोटरीका अध्यक्ष सिद्धिलाल श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष ढलकबहादुर थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै संस्थाका अध्यक्ष श्रेष्ठले ५० वटाभन्दा बढी देशका मानिसहरुले प्रयोग गर्न मिल्नेगरी आँखाको लेन्सको उद्योग निर्माण गर्न लागेको बताउनुभयो । आँखाको लेन्स उद्योग ३ वर्षभित्र सञ्चालनमा ल्याउन लागेको उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकी वातावरण इन्जिनियर चन्दा खड्काले नेपाल सरकारले वातावरणसम्बन्धी विकास निर्माणका कामलाई अगाडि बढाउन वातावरण ऐनको व्यवस्था गरेको बताउनुभएको छ । कुनै पनि योजना सञ्चालन गर्नका लागि वातावरणमैत्री ऐनको व्यवस्था हुनुपर्ने वातावरण इन्जिनियर खड्काले बताउनुभयो ।

वातावरण संरक्षण ऐन २०७६ अन्तर्गत् कार्यान्वयनमा आएको वातावरण संरक्षण नियमावली २०७७ मा व्यवस्था भएअनुसार स्थापना हुन लागेको उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक देखिएको कार्यक्रममा जानकारी दिइएको छ । उद्योगका लागि निर्माण गरिने भवन तथा अन्य संरचनाको बारेमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक देखिएको बताइएको हो ।

प्रस्ताव क्षेत्रको विद्यमान सामाजिक/आर्थिक तथा सांस्कृतिक, भौतिक तथा रासायनिक र जैविक वातावरणीय तथ्याङ्कहरु सङ्कलन गर्ने, प्रस्ताव क्षेत्रमा सार्वजनिक सुनुवाई गरी स्थानीय जनता तथा सरोकारवाला निकायबाट प्राप्त रायसुझाव संकलन गरी प्रतिवेदनमा समावेश गर्न आयोजना कार्यान्वयन हुँदा पर्ने सम्भावित भौतिक वातावरण, जैविक वातावरण, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण, रासायनिक वातावरणमा पर्न सक्ने प्रभावहरु अनुमान गर्ने, आंकलन गर्ने तथा मूल्याङ्कन गर्ने उद्देश्यले कार्यक्रम गरिएको हो । अनुकूल प्रभावहरु अभिवृद्धि तथा प्रतिकूल प्रभावहरु न्यूनीकरण गर्न व्यवहारिक र स्थान विशिष्ट उपायहरु प्रस्तुत गरी कार्यान्वयन गर्ने र वातावरणीय व्यवस्थापन योजना तथा वातावरणीय अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताइएको छ ।

यस्तै, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधिहरु बारे जानकारी दिने र प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरुको पहिचान गराउने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । प्रस्तावित आयोजनासँग आकर्षित हुने नीति, ऐन, नियम तथा निर्देशिनहरुको पहिचान गराउने र प्रतिवेदन तयार गर्दा लाग्ने समय र अनुमानित बजेटबारे जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरेको जनाइएको छ ।

# विद्यालय व्यवस्थापन समिति महासंघ गढीको अध्यक्षमा चौलागाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको अध्यक्षमा खिलप्रसाद चौलागाई चयन हुनु भएको छ । बुधबार पालिकाभित्र रहेका ३७ वटा विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुको उपस्थितिमा चौलागाईको अध्यक्षतामा महासंघ गठन गरेको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको आयोजना, शिक्षा नीति तथा अभ्यास केन्द्रको सहकार्य र मकवानपुरगढी गाउँपालिकाको समन्वयमा महासंघ समिति गठन गरेको फुयाँलले जानकारी दिनुभयो । महासंघको उपाध्यक्षमा सोममाया थिङ, सचिवमा चन्द्रबहादुरर कोषाध्यक्ष सुकुराम थिङ चयन हुनुभएको छ । सदस्यहरुमा जीतबहादुर लामा लो, राजाराम मोक्तान, रामबहादुर भोम्जन, गुञ्जन लुङबा, युवराज सापकोटा, नकुल चौलागाईं र नरबहादुर स्याङ्तान चयन हुनुभएको छ ।

कार्यक्रम सामुदायिक विद्यालय महासंघकाक केन्द्रीय अध्यक्ष गुणराज मोक्तानको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिन (नेपाली)को प्रमुख आतिथ्यमा भएको थियो । सामाजिक विकास समिति संयोजक एवम् वडा नम्वर १ का वडाध्यक्ष आइत सिंह लोको विशेष आतिथ्य र गाउँपालिकाभित्र रहेका ३७ वटै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा ९ महिनामा ८ सय ५१ जनामा डेङ्गु संक्रमण पुष्टि

समाज संवाददाता

हेटौंडाः चालु आर्थिक वर्षको चैत मसान्तसम्म मकवानपुर जिल्लामा ८ सय ५१ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको तथ्याङ्क अनुसार प्रदेशभरका १३ जिल्लामा ६ जनाको डेङ्गु संक्रमणबाट मृत्यु भएको छ।

स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको तथ्याङ्कअनुसार मकवानपुर जिल्लामा साउन महिनामा १ सय ५६ जना, भदौमा २ सय ९६ जना, असोजमा १ सय ७२ जना, कात्तिकमा १ सय २१ जना, मसिंरमा ३० जना, पुषमा २ जना, माघमा शून्य, फाल्गुनमा ७ जना र चैतमा ६७ जनामा डेङ्गु संक्रमण पुष्टी भएको हो। मकवानपुर मा बैशाख १ गतेदेखि ९ गतेसम्म ६ जनामा संक्रमण पुष्टि भएको छ ।

पछिल्लो ९ महिनामा बागमती प्रदेशको धादिङ जिल्लामा सबैभन्दा बढी ३ हजार ५ सय १ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ । यस्तै, चितवनमा १ हजार ६ सय ९४ जना, भक्तपुरमा ४ सय ९४ जना, काभ्रेपलाञ्चोकमा १ सय ६७ जना, नुवाकोटमा ८१ जना, दोलखामा ७९ जना, रामेछापमा २७ जना, सिन्धुपाल्चोकमा ३२ जना, ललितपुरमा १ हजार ४ सय ३८ जना र काठमाडौंमा ३ हजार जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ ।

प्रदेशको १३ जिल्लामा साउन महिनामा २ हजार ५ सय १८ जना, भदौमा २ हजार ८ सय ९ जना, असोजमा २ हजार ८ सय १६ जना, कात्तिकमा २ हजार ७० जना, मंसिरमा ७ सय ६९ जना, पुसमा १ सय ९६ जना, माघमा ५६ जना, फागुनमा ४४ जना र चैतमा १ सय १० जनामा डेङ्गु संक्रमण पुष्टि भएको थियो ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-वाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

**सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।**

**थप जानकारीको लागि HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

**हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७**

श्री वंशगोपाल माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
मकवानपुरगढी गाउँपालिका-२, कुर्लेदमार
मकवानपुरगढी, मकवानपुर

**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/१२ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च. नं. १६१६ मिति २०८१ बैशाख १० गतेको शिक्षक पदपूर्ति अनुमति पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१ बैशाख १२ को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह राहत अनुदान (अंग्रेजी) कोटामा एक जना शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं ५/०८०/०८१**
२) तह : निमावि अंग्रेजी (राहत अनुदान कोटा)
३) उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरी निमावि तहको अध्यापन अनुमती पत्र प्राप्त
५) परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन
६) सेवा सुविधा : नेपाल सरकारको नियमानुसार
७) दरखास्त दस्तुर रु. १५००/- (विद्यालयको नाममा रहेको नबिल बैंक लि. को चल्ति खाता न २२१०१०१७५००२३६ मा रकम जम्मा गर्नुपर्नेछ ।
८) दरखास्त दिने अन्तिम मिति २०८१/०१/२६ गते विद्यालय समयसम्म
९) सम्पर्क मिति २०८१/०१/२७ गते
१०) परीक्षा मिति सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
११) आवश्यक कागजातहरु : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्र प्रतिलिपि २/२ प्रति, निरोगिताको प्रमाण पत्र, अन्य अनुभब भएमा सो को प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, हस्तलिखित निवेदन, रकम जम्मा गरेको भौचर १/१ प्रति ।

विशेष ग्राहयता : खुल्लाको हकमा माथिल्लो योग्यता भएकालाई ।

नोट : शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ (सात) दिनसम्म मात्र नियुक्त गरिने छ । अन्यथा खुल्ला उम्मेदवारका लागि शिक्षा नियमावली २०५९ संशोधनसहितको प्रक्रिया पूरा गरी पदपूर्ति गरिनेछ ।

**सम्पर्क नं ९८५५०७०२४९ (प्रधानाध्यापक) ९८४१६६२८९१**
**(वि.व्य.स. अध्यक्ष)**
**बिक्रम चौरेल**
**प्रधानाध्यापक**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ